# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल


पत्र संख्या : ०७९/८०
चलानी नं. :

मिति :२०८०/०३/२८

**सूचना!! सूचना!! सूचना!!**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आ.व.२०८०/८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८० श्रावण १ गते देखि भाद्र मसान्त भित्र देहायका कागजातहरु संलग्न राखी परिचयपत्र नवीकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नवीकरण गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने अशक्त असाहय तथा ९० वर्ष माथिका जेष्ठ नागरिकहरुका हकमा निजको आमा, वुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सकिनेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु :**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो,
- वालवालिकाको हकमा जन्मदर्ताको पत्रिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि,
- सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्वन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्र,
- विधुवाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस प्रमाण,
- ६० वर्ष पुगी विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र,
- न्यायिक पृथकीकरण गरी वसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

**पुचश्च : सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ ।**

२०८०/३/२८

नवराज श्रेष्ठ
नि.प्रमुख प्रशासकीय अधिकृत